# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ११५ | काठमाडौं | शनिबार, ३१ साउन २०८२ | Prabhab National Daily | Saturday, 16 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–




अलपत्र अवस्थामा रहेको मुस्ताङको थासाङ गाउँपालिका–५ को आधा दर्जनभन्दा बढी गाउँ जोड्ने पक्कीपुल। २०७३ भदौ २२ गते तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी तत्कालीन जिल्ला विकास समिति मुस्ताङ र स्वच्छन्द निर्माण सेवाबीच १४ करोड १९ लाख ६५ हजार रूपैयाँको लागतमा ठेक्का सम्झौता भएको थियो। तोकिएको समयसीमा गुज्रिएको छ वर्ष बित्दासम्म पुल बन्न नसक्दा कालीगण्डकी नदी पारिका स्थानीयवासीले वर्षौंदेखि आवतजावतमा समस्या झेल्दै आएका छन्।

*तस्बिरः सुशीलबाबु थकाली/रासस*

# एचआइभी संक्रमितको अधिकार संरक्षणमा सरकारको उदासीनता

## सर्वोच्चले आदेश दिएको १५ वर्षमा पनि बनाइएन कानुन



एचआइभीजस्ता संक्रमणलाई नसर्ने रोगमा रूपान्तरण गर्नका लागि राज्यले लगानी गर्नुपर्छ तर २०६७ सालदेखि अदालतले आदेश दिँदासमेत विधेयक आउन सकेको छैन। यो महत्त्वपूर्ण विधेयक सम्बन्धित मन्त्रालयबाट आउन सकेको छैन।

**अम्मरबहादुर थापा**
सभापति, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

**प्रभाव संवाददाता**

**काठमाडौं–** सर्वोच्च अदालतले एचआइभी/एड्स संक्रमितहरूको अधिकार संरक्षण हुनेगरी कानुन निर्माण गर्न आदेश दिएको १५ वर्ष बित्यो। सर्वोच्चले २०६६ सालमा यस्तो आदेश दिएको भए पनि अहिलेसम्म उक्त कानुन बन्न सकेको छैन।

अदालतको आदेशकै आधारमा प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले २०७९ सालमा तत्काल विधेयक प्रस्ताव गर्न सरकारलाई निर्देशन दिएको थियो। तर अझै कानुन निर्माणको प्रक्रिया अघि नबढ्दा एचआइभी संक्रमितहरूको अधिकार संरक्षण हुन नसकेको सरोकारवालाहरूले गुनासो गरेका छन्।

उक्त विषयमा विधेयक ल्याउन दबाब दिने उद्देश्यले शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा सांसद तथा सरोकारवाला प्रतिनिधिहरूले उक्त विधेयक तत्काल ल्याउनुपर्नेमा जोड दिए। एड्सविरुद्ध राष्ट्रिय नेटवर्क समूह नेपालले मानवअधिकारमा आधारित स्वास्थ्य सुनिश्चित गर्न एचआइभीसम्बन्धी विधेयक अघि बढाउने विषयमा आयोजित राष्ट्रिय नीति कार्यशालामा सहभागीहरूले उक्त विधेयकको आवश्यकतामा जोड दिएका हुन्।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले स्वास्थ्य मन्त्रालयलाई पटक-पटक विधेयक ल्याउन अनुरोध गर्दा पनि अहिलेसम्म प्राप्त हुन नसकेको उल्लेख गरे। उनले भने, 'एचआइभीजस्ता संक्रमणलाई नसर्ने रोगमा रूपान्तरण गर्नका लागि राज्यले लगानी गर्नुपर्छ तर २०६७ सालदेखि अदालतले आदेश दिँदासमेत विधेयक आउन सकेको छैन, अहिले दबाब र आन्दोलनका आधारमा मात्र विधेयक बन्ने अवस्था भएको छ, यो महत्त्वपूर्ण विधेयक भने सम्बन्धित मन्त्रालयबाट आउन सकेको छैन।'

क्रमशः पृष्ठ २ मा

बागमतीमा मन्त्रिपरिषद् विस्तार

# बानियाँले पूरा गरेनन् लामासँगको सहमति

- यसअघि लामापक्षले तीन जना मन्त्री आफ्नो पक्षबाट हुनुपर्ने अडान राख्दै विश्वासको मत दिएका थिए
- बानियाँले साउन २० मै मन्त्रिपरिषद् विस्तार गर्दा कांग्रेसका शिवहरि अधिकारी र कृष्णकुमार तामाङलाई मात्र मन्त्री नियुक्त गरेका थिए
- शुक्रबार विस्तारित मन्त्रिपरिषद्मा पनि लामापक्षका कसैलाई पनि समेटेनन्




कांग्रेसबाट नवनियुक्त पाँच मन्त्री शपथ लिँदै (बायाँ), मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ (बीचमा) र निवर्तमान मुख्यमन्त्री बहादुरसिंह लामा।

**प्रभाव संवाददाता**

**काठमाडौं–** बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले मन्त्रिपरिषद् विस्तार गरेका छन्। मुख्यमन्त्री बानियाँले शुक्रबार विस्तार गरेका मन्त्रीहरूमा आफ्नो पक्षको नपरेसँगै निवर्तमान मुख्यमन्त्री बहादुरसिंह लामापक्षले असन्तुष्टि जनाएको छ।

बानियाँले सामाजिक विकासमन्त्रीमा कञ्चनचन्द्र बादे, आर्थिक मामिला तथा योजनामन्त्रीमा प्रभात तामाङ, युवा तथा खेलकुदमन्त्रीमा उर्मिला केसी नेपाल, संस्कृति तथा पर्यटनमन्त्रीमा सुरेश श्रेष्ठ र सहकारी तथा गरिबी निवारणमन्त्रीमा बिनु रायमाझीलाई नियुक्त गरे। मन्त्रीमा नियुक्त पाँचै जना बानियाँ पक्षका हुन्।

यसअघि लामापक्षले तीन जना मन्त्री आफ्नो पक्षबाट हुनुपर्ने अडान राख्दै विश्वासको मत दिएका थिए। साउन १४ गते तत्कालीन मुख्यमन्त्री लामाले गोविन्द लम्सालगलाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयको जिम्मेवारी दिएका थिए। माया श्रेष्ठ र गीता गुरुङलाई मन्त्री नियुक्त गरे पनि जिम्मेवारी भने तोकिएको थिएन।

साउन १५ गते नियुक्तिको तयारी गर्दा प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा बिरामी भन्दै काठमाडौं हिँडेपछि लामा अप्ठेरोमा परेका थिए। पछि उनले देवकोटासमक्ष राजीनामासमेत बुझाएनन्।

बानियाँ मुख्यमन्त्री बनेपछि साउन २७ गते विश्वासको मत लिने मिति तय भयो। लामापक्षले मन्त्रिपरिषद्मा सम्मानजनक हिस्सा खोज्दै विश्वासको मत नदिने बरु सांसदबाटै सामूहिक राजीनामाको चेतावनी दिँदै काठमाडौंमा बसेका थिए। सभापति शेरबहादुर देउवानिवास बूढानीलकण्ठमा साउन २६ गते दुई पक्षका नेताहरूको संवाद सभापति देउवासहित शीर्ष तहसँग भएको थियो। विश्वासको मत प्रदान गर्ने दिनसम्मसमेत लामापक्ष आफ्नो माग राख्दै काठमाडौंमा बैठक बसिरहेको थियो।

लामाले नियुक्त गरेका तीन जनालाई मन्त्री बनाउनुपर्ने माग सभापति देउवाले कार्यान्वयन हुने प्रतिबद्धता जनाएपछि आफूहरू विश्वासको मत दिन हेटौंडा गएको लामापक्षका प्रदेशसभा सदस्य लम्सालले बताए। 'तिमीहरूको माग पूरा हुन्छ। मतदान गर्न जाऊ भनेर सभापति देउवाले भन्नुएको थियो,' लम्सालले भने। त्यसपछि आफूहरूले विश्वासको मत दिएको उनले बताए। साउन २७ गते अबेर लामापक्षले मत दिएसँगै मुख्यमन्त्री बानियाँको पक्षमा ६३ मत परेको थियो।

साउन ९ मा लामाविरुद्ध बानियाँकै नेतृत्वमा २१ सांसदले अविश्वास प्रस्ताव दर्ता गराएका थिए। त्यसपछि साउन १३ गते अविश्वासको प्रस्तावमाथि मतविभाजन हुँदा अविश्वास प्रस्तावको पक्षमा २२ र विपक्षमा १५ मत परेपछि लामाले दल नेताको हैसियत गुमाएका थिए।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# विषाक्त मदिराका कारण कुवेतमा ३५ नेपाली अस्पताल भर्ना

**प्रभाव संवाददाता**

**काठमाडौं–** विषाक्त मदिरा सेवनका कारण कुवेतमा ३५ जना नेपाली श्रमिक अस्पताल भर्ना भएका त्यहाँस्थित नेपाली दूतावासले जनाएको छ। विषादीयुक्त मदिरा सेवनबाट केहीको मृत्युसमेत भएको दूतावासले शुक्रबार प्रेस विज्ञप्तिमार्फत जानकारी दिएको हो।

दूतावासका अनुसार केहीको गम्भीर अवस्थामा उपचार भइरहेको छ। यस घटनाका विषयमा दूतावासले सम्बन्धित अस्पताल र त्यहाँको स्वास्थ्य मन्त्रालयका अधिकारीहरूसँग निरन्तर सम्पर्कमा रही उपचाररत बिरामीको उचित उपचारका लागि समन्वय गरिरहेको जनाएको छ।

दूतावासले उक्त घटनाप्रति दुःख व्यक्त गर्दै स्वास्थ्यका लागि घातक र जोखिमपूर्ण खाद्य तथा पेयपदार्थको सेवन नगर्न पनि अनुरोध गरेको छ। यस घटनाबाट हालसम्म २३ जनाको मृत्यु भएको र सबै एसियाली मुलुकका रहेको त्यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ। अधिकारीहरूले मृत्यु हुनेहरूको नाम सार्वजनिक गर्न दिएका छैनन्।


कूल १६० जना अस्पताल भर्ना भएका जनाइएको छ। उनीहरूमध्ये कतिपय भेन्टिलेटरमा छन् भने कतिको डायलाइसिस गरिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। त्यस्तै कतिको आँखाको ज्योति गुमेको पनि जनाइएको छ।

यो घटना गत शनिबार भएको थियो। जसमा धेरै आप्रवासी श्रमिकले स्थानीयस्तरमा तयार पारिएको विशाक्त मदिरा सेवन गरेका थिए। श्रमिकहरूले एउटै स्रोतबाट खरिद गरेको मदिरा विभिन्न स्थानमा गएर सेवन गरेको जनाइएको छ।

# साउदी अरेबियाबाट सुरू भयो श्रम वैधानिकीकरण

**काठमाडौं (प्रस)–** श्रम स्वीकृति नलिई साउदी अरेबियामा कार्यरत नेपाली श्रमिकहरूको श्रम वैधानिकीकरण सुरु भएको छ। शुक्रबार रियादस्थित नेपाली दूतावासले आयोजना गरेको एक समारोहमा आठ वर्षदेखि रियादमा कार्यरत अजय दंगालको बायोमेट्रिक लिएर राजदूत डा. नरेशविक्रम ढकालले श्रम वैधानिकीकरण औपचारिक रूपमा सुरु गरे।

कार्यक्रमलाई 'भर्चुअल' माध्यमबाट सम्बोधन गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले श्रम स्वीकृतिविना



विदेशमा काम गर्ने श्रमिकलाई वैधानिकीकरण गर्ने अभियानमा नेपाली दूतावास साउदी अरेबियाको प्रयास सराहनीय भएको बताए।

श्रम स्वीकृति नहुँदा वैदेशिक रोजगारमा रहेका श्रमिक स्वदेश फर्किन नसक्ने नभएकाले वैधानिकीकरण अभियान सुरु गरिएको उनले जानकारी दिए। साउदी अरेबियासँग द्विपक्षीय श्रम समझदारीपत्रमा हस्ताक्षर हुने जानकारी दिँदै मन्त्री भण्डारीले दूतावासले दिने आगामी सेवा प्रविधिमा आधारित हुने बताए।

राजदूत डा. ढकालले श्रम वैधानिकीकरणलाई अभियानकै रूपमा सञ्चालन गरिने बताए। उनले यस कार्यमा विभिन्न संघ संस्थाहरूको समन्वय र सहकार्य जरुरी रहेको उल्लेख गरे। राजदूत ढकालका अनुसार सन् २०२४ सेप्टेम्बर ३० भन्दा अघि वैदेशिक रोजगारीका लागि साउदी अरबियामा आएका नेपाली श्रमिकहरूले श्रम स्वीकृतिका लागि अनलाइनमार्फत आवेदन दिन सक्ने छन्।




# सात वर्षदेखि अधूरै बृहत् लिफ्ट आयोजना

■ प्रभाव संवाददाता

**बागलुङ–** बागलुङ नगर खानेपानी तथा उपभोक्ता समितिले आमउपभोक्तालाई लिफ्टमार्फत पानी वितरण गर्दा मासिक पाँच लाख रूपैयाँ विद्युत् महसुल तिर्दै आएको छ । अधूरो लिफ्ट आयोजनाबाट खानेपानीको संकट टार्नका लागि पानी तान्दै आएको समितिले विद्युत् महसुलमा वार्षिक ६० लाख रूपैयाँ खर्चंदै आए पनि महसुल छुट सुविधाबाट वञ्चित भएको छ ।

आयोजना सम्पन्न नहुँदा गण्डकी प्रदेशले छुट दिने विद्युत् महसुलको लाभ लिन नसक्दा लाखौं नोक्सानी व्यहोर्दै आएको बागलुङ नगरखानेपानी तथा उपभोक्ता संस्थाले जनाएको छ । निर्माण व्यवसायीले आयोजना सकेर हस्तान्तरण नगर्दा विद्युत् छुटको सम्झौता गर्न नसक्दा संघीय र प्रदेशले प्रदान गर्ने महसुल छुटमा जान नसकिएको बागलुङ नगर खानेपानी तथा उपभोक्ता संस्थाका कार्यबाहक अध्यक्ष हरिबहादुर जिसीले जानकारी दिए ।

दुई वर्षमा सक्नेगरी २०७५ साल असार ३१ गते सम्झौता गरिएको बागलुङ नगर बृहत् खानेपानी लिफ्ट आयोजनाको ९५ प्रतिशत काम भए पनि खानेपानीलाई नयाँ संरचनाबाट वितरण गर्न अझै बाँकी छ । कन्काई जयमाता जेभीले २०७७ सालमा निर्माण सक्नेगरी ३० करोड २६ लाख ५१ हजार रूपैयाँ लागतमा ठेक्का सम्झौता भएको थियो । पछि आयोजनाको लागत चार करोड रूपैयाँ थपिए पनि निर्माण व्यवसायीले आयोजनालाई सम्पन्न गर्नतर्फ ध्यान नदिँदा लाखौंको विद्युत् महसुल भुक्तानी गर्न नगर खानेपानी बाध्य भएको जिसीको भनाइ छ ।

'गण्डकी प्रदेशको खानेपानी विद्युत् महसुल र संघीय खानेपानीलेसमेत विद्युत् महसुलमा छुट दिने योजना ल्याएको छ, मासिक पाँच लाख रूपैयाँ महसुलमा केही छुट भए राहत मिल्ने थियो,' जिसीले भने, 'निर्माण व्यवसायीले ९५ प्रतिशत काम सके पनि रातामाटामा निर्माण गरिएको सात लाख लिटरको खानेपानी ट्यांकीमा पानी पुर्‍याइएको छैन, संस्थाले अस्थायीरूपमा लिफ्टको पानी पुरानै ट्यांकीमा राखेर वितरण गरिरहेका छौं ।'

गण्डकी प्रदेश सरकारले लिफ्ट खानेपानी आयोजना विद्युत् महसुल अनुदान कार्यविधि, २०७९ अनुसार आयोजनाको विद्युत् बागलुङ नगर खानेपानी तथा उपभोक्ता समितिले २५ प्रतिशत रकम छुट पाउने व्यवस्था छ । निर्माण व्यवसायीले काम सम्पन्न नगर्दा नगर खानेपानीले वार्षिक क्षति व्यहोर्दै आएको जिसीको भनाइ छ ।

वार्षिक ६० लाख विद्युत् महसुल तिर्दै आएको नगर खानेपानीले वार्षिक १५ लाख रूपैयाँ छुट पाउँदा राहत मिल्ने जिसीको भनाइ छ । बागलुङ बजारमा खानेपानीको चरम संकट भएपछि आयोजना अन्तिम चरणमा रहँदै २०८१ साल जेठबाट दुईवटा मोटरबाट खानेपानी तानेर लोकमार्ग नजिकैको पुरानो ट्यांकीमार्फत वितरण गरिँदै आइएको छ । ठूलो लिफ्ट आयोजनामा संघीय सरकारले पनि महसुल छुट दिने योजना ल्याएको छ ।

पृष्ठ १ बाट क्रमश:

## बानियाँले...

भोलिपल्टै साउन १४ गते दलको नेता चयनका लागि भएको निर्वाचनमा लामालाई पराजित भए । यद्यपि, उनले संवैधानिक व्यवस्था देखाउँदै मुख्यमन्त्रीबाट राजीनामा नदिने अडान लामाले लिए । लामापक्षका तीन मन्त्री नियुक्त गर्नुपर्ने भएपछि बानियाँले मन्त्रिपरिषद् विस्तारमा कांग्रेसको पाँच कोटा खाली राखेका थिए ।

बानियाँले साउन २० मै मन्त्रिपरिषद् विस्तार गर्दा कांग्रेसका शिवहरि अधिकारी र कृष्णकुमार तामाङलाई मात्र मन्त्री नियुक्त गरे । एमालेबाट मधुसुदन पौडेल कृषि तथा पशुपन्छी विकास, दिनेशचन्द्र देवकोटा भौतिक पूर्वाधार विकास, जयराम थापा श्रम, रोजगार तथा यातायात, भरतबहादुर केसी वन तथा वातावरण, किरण थापा स्वास्थ्य र बिन्दु श्रेष्ठले उद्योग वाणिज्य, भूमि तथा प्रशासनमन्त्रीको जिम्मेवारी पाएका थिए ।

यही साउन २० गते मुख्यमन्त्रीमा नियुक्त हुनुभएका बानियाँले सोही दिन नौ सदस्यीय मन्त्रिपरिषद् गठन गरेका थिए । यसअघि मुख्यमन्त्री बानियाँको सिफारिसमा कांग्रेसबाट अधिकारीलाई विनाविभागीय र तामाङलाई खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्रीमा नियुक्त गरेका थिए । मन्त्री अधिकारीलाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयको जिम्मेवार दिइएको छ ।

### महतले पनि पाएनन् जिम्मेवारी

नुवाकोटका प्रदेशसभा सांसद रमेशकुमार महत संघमा डा. शेखर कोइरालापक्षका नेता हुन् । विश्वासको मत दिने बेला लामापक्षमा रहेका महत दुई पक्षबीच विवाद बढेपछि समन्वयकारी भूमिकामा थिए । मन्त्री बनाउने वचन बानियाँले दिएपछि साउन २७ गते लामापक्षका १३ सांसद काठमाडौंमा हुँदा महत भने हेटौंडा पुगेका थिए । उनै महतलाई पनि बानियाँले सरकारमा कुनै जिम्मेवारी दिएनन् ।

लामापक्षमा महतसँगै सांसदहरू कुन्दनराज काफ्ले, उत्तम जोशी, लक्ष्मी श्रेष्ठ, हरिप्रभा खड्गी, रामकुमार पहाडी, क्षत्रबहादुर बम्जन, गीता गुरूङ, मसिना खड्का, तीर्थ लामा, रामकृष्ण चित्रकार, माया श्रेष्ठ, गोविन्द लम्साल र समिता खड्गी छन् ।

■■■

## एचआइभी...

सभापति थापाले अहिलेसम्म आफ्नो टेबलमा चार मन्त्रालयका २१ वटा विधेयक टेबुल भएको तर यो विधेयक भने आउन नसकेको सुनाए । उनले मन्त्रीहरू आफ्नो क्षेत्रमामात्र बजेट हालेर क्षेत्रीय मन्त्री भएका र राष्ट्रिय मन्त्री हुन नसकेको आरोप लगाउँदै देशमा धेरै काम भएको तर जे हुनुपर्ने हो त्यो काम भने नभएको जिकिर गरे । शिक्षा मन्त्रालय र सूचना प्रविधि मन्त्रालयले केही विधेयक ल्याए पनि स्वास्थ्यबाट खासै आउन नसकेको उनले दुखेसो गरे ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कानुन शाखाका उपसचिव गोपीकृष्ण रेग्मीले अहिले उक्त विधेयक बनाउने विषयमा छलफल चलिरहेको जानकारी दिँदै अन्य संक्रामक रोगसम्बन्धी कानुनमा जोडेर ल्याउने कि छुट्टै विधेयक ल्याउने भनेर छलफल भइरहेको बताए । तर यो कानुन भने आवश्यक भएको उनले बताए ।

यसका लागि राजनीतिक तह तथा कर्मचारी तहमा पनि नागरिक समाज तथा यस्ता संघसंस्थाबाट घच्घच्याउन जरुरी रहेको उनले बताए । कार्यक्रममा सहभागीहरूले उनलाई छिटो विधेयक मस्यौदा बनाएर अघि बढाउन अनुरोध गरेका थिए ।

कार्यशालामा राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधि लोकनाथ बाँस्तोलाले आयोगमा एचआइभीसम्बन्धी कार्य गर्न फोकल व्यक्ति नै तोकेर काम भइरहेको र कानुन निर्माणका लागि विगतमै आयोगले सरकारलाई निर्देश गरिरहेको बताए । विभिन्न जिल्लामा अध्ययन गरेर संक्रमितहरूलाई कानुनीरूपमै सम्बोधन गर्न जरुरी छ भनेर सिफारिस गरिएको उनले बताए ।

क्यानडाको एक विश्वविद्यालयकी उपप्राध्यापक रीता ढुंगेलले खाद्य सुरक्षालाई ध्यानमा राखेर ऐन तर्जुमा गर्नुपर्ने सुझाव दिइन् । यस्तै एड्सविरुद्ध राष्ट्रिय नेटवर्क समूह नेपालका पूर्वअध्यक्ष यो विधेयक कानुन बनेर आएमा एचआइभी संक्रमित अधिकार रक्षाका लागि कोसेढुंगा सावित हुने र छिटो ल्याउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा कानुन व्यवसायी रूपनारायण श्रेष्ठले एआइभी संक्रमितहरूको अधिकार संरक्षण हुनेगरी नमूनाका रूपमा तयार पारिएको 'एचआइभी/एड्स (नियन्त्रण रोकथाम, उपचार, पुनर्स्थापना तथा अधिकार संरक्षण गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको प्रस्तावित विधेयक' प्रस्तुत गरेका थिए ।

एड्सविरुद्ध राष्ट्रिय नेटवर्क समूह नेपालका कार्यक्रम संयोजक डा. रंगराज ढुंगानाले एचआइभी संक्रमितहरूको अधिकार संरक्षणसम्बन्धी विधेयक समयमै निर्माणका लागि उच्चस्तरीय राजनीतिक प्रतिबद्धता र सहमति सुनिश्चित गर्दै अधिकारमा आधारित संरक्षण, एकीकृत सेवा र एचआइभी जोखिमहरूका लागि कानुनी सुरक्षा अवस्था सुनिश्चित गर्न कार्यक्रम आयोजना गरिएको बताए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७०/०५/१४ मा दर्ता भएको प्रा.लि.नं. ११५६१५ को **टारगेट ट्राभल्स एण्ड टुर्श प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०४/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

(तेस्रो पटक प्रकाशित मितिः २०८२/०४/३१ गते)

यस कम्पनीको मिति २०८२/०३/२४ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **करमाया जर्नीज**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **करमाया एडभेन्चर्स** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०४/०४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **श्री करमाया एडभेन्चर्स. (दर्ता नम्बर : ३६६२३९)**. कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

HIMALAYAN LIFE

प्रधान कार्यालय हात्तिसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति २०८२/०४/३१

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरूले बीमालेख हराएको/नासिएकोले प्रतिलिपी बीमालेखका लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरूको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं | बिमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | PLI १३३०००२७५९ | महिमा राई | जालपा-४, खोटाङ |

**साउदीमा रोजगार** कम्पनी : ALRAZI PHARMACY

पूर्व स्वीकृति मिति : २०८२/04/30 | LT. No. 329335 | चलानी नं. ६०२४३२१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CASHIER | 5 | 1 | 150 | ५५,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | driver | 3 | 0 | 150 | ५५,६५६ | | | | | | | |
| 3 | salesman | 4 | 0 | 200 | ७४,२०९ | | | | | | | |
| 4 | Storekeeper (male) | 3 | 0 | 150 | ५५,६५६ | | | | | | | |
| 5 | WORKER | 9 | 0 | 125 | ४२,६७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ७ गते (23rd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Felicity International Employment Agency Pvt.Ltd.
P.O.Box: 11603, Samakhushi-03, Jaldhara Marg, Jhilimili Tole, Kathmandu
Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np
Govt. License 226/058/059

**कुवेत/साउदीमा रोजगार** कम्पनी : AL TATWEER AL DAWLIA ELECTRICAL & ELECTRONICS CONT. CO.

पूर्व स्वीकृति मिति : २०८२/04/30 | LT. No. 329436 | चलानी नं. ६०२४३२०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Technicians | 6 | 0 | 140 | ६१,११४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gypsum Carpenters | 2 | 0 | 140 | ६१,११४ | | | | | | | |
| 3 | Heavy Driver | 4 | 0 | 170 | ७७,८५३ | | | | | | | |

कम्पनी : NASSER ALI AMER AL-SHAHRI CAFE TO SERVING BEVERAGES EST.

पूर्व स्वीकृति मिति : २०८२/04/30 | LT. No. 329453 | चलानी नं. ६०२४३२०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | od and Beverage Counter Worker | 2 | 0 | 1200 | ४४,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ७ गते (23rd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074
DEEP JYOTI MANPOWER SERVICE PVT LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910, Mob: 9808046424/ 9801797200
E-mail : deepjyotimanpower1136@gmail.com, Web: deepjyotimanpower.com.np

**युएइमा रोजगार** कम्पनी : REFINE GENERAL CONTRACTING & MAINTENANCE L.L.C

पूर्व स्वीकृति मिति : २०८२/04/30 | LT. No. 329378 | चलानी नं. ६०२४३२१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICKLAYER | 2 | 0 | 1500 | ५७,२०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gypsum/Ceiling Workers | 2 | 0 | 1500 | ५७,२०४ | | | | | | | |
| 3 | House Builder | 4 | 0 | 1500 | ५७,२०४ | | | | | | | |
| 4 | Labour | 4 | 0 | 1200 | ५७,२०४ | | | | | | | |
| 5 | Plumber | 2 | 0 | 1500 | ५७,२०४ | | | | | | | |
| 6 | ROOFING WORKER | 4 | 0 | 1500 | ५७,२०४ | | | | | | | |

कम्पनी : TERRACOTTA MANPOWER SERVICES - SOLE PROPRIETORSHIP L.L.C. DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८२/04/30 | LT. No. 329379 | चलानी नं. ६०२४३२१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 100 | 0 | 2000 | ७६,२७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २३ गते (7th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Permission No. 1676/080/081
INTERPID RECRUITMENT SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com, Rudin Dahal: 9842749866
INTREPID LEARN ADAPT EVOLVE

**युएई/कुवेतमा रोजगार** कम्पनी : PIVOT ENGINEERING & GENERAL CONTRACTING COMPANY W L L

पूर्व स्वीकृति मिति : २०८२/04/30 | LT. No. 329457 | चलानी नं. ६०२४३२१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician. | 10 | 0 | 1500 | ५७,२०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Finishing Carpenter | 20 | 0 | 1500 | ५७,२०४ | | | | | | | |
| 3 | Labour | 100 | 0 | 1000 | ५७,२०४ | | | | | | | |
| 4 | Mason (Tiles/Bolck/Plaster) | 20 | 0 | 1500 | ५७,२०४ | | | | | | | |
| 5 | PLUMBER | 10 | 0 | 1500 | ५७,२०४ | | | | | | | |
| 6 | STEEL FIXER | 40 | 0 | 1500 | ५७,२०४ | | | | | | | |

कम्पनी : MARHABA BUILDING CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/04/30 | LT. No. 328635 | चलानी नं. ६०२४३२१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 100 | 0 | 1000 | ३८,१३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ORU CANTEEN CO.

पूर्व स्वीकृति मिति : २०८२/04/30 | LT. No. 329458 | चलानी नं. ६०२४३२१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 15 | 15 | 150 | ६८,७८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Kathmandu AKH Traning Center मा मिति: २०८२ भदौ ७ गते (23rd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASIA LINK Services Pvt. Ltd. श्रम इजाजत नं ११९/०५५/०५६
ASIA LINK SERVICES PVT. LTD.
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२
Email: dhruvswamig@gmail.com

शनिबार, ३१ साउन, २०८२

| | |
|---|---|
| मेष | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| वृष | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| मिथुन | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| कर्कट | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| सिंह | महगा सामानतर्फ ध्यान जानेछ । |
| कन्या | खानपान र पहिरनमा खर्च हुनेछ । |
| तुला | खर्च बढ्नाले अभाव देखिन सक्छ । |
| वृश्चिक | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| धनु | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| मकर | रोकिएका कम बन्ने नयाँ योजना । |
| कुम्भ | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| मीन | नोकरीमा पद प्राप्ति हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

३१ साउन , २०८२ (१६ अगस्ट, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३९.७९ | १४०.३९ |
| युरो | १ को | १६३.३५ | १६४.०५ |
| पाउन्ड स्टिर्लङ | १ को | १८९.८२ | १९०.६४ |
| स्विस फ्रैन्क | १ को | १७३.४५ | १७४.१९ |
| अस्ट्रेलियन डलर | १ को | ९१.२१ | ९१.६० |
| क्यानाडियन डलर | १ को | १०१.४२ | १०१.८५ |
| सिङ्गापुर डलर | १ को | १०९.११ | १०९.५८ |
| जापानी येन | १० को | ९.५४ | ९.५८ |
| चिनियाँ युआन | १ को | १९.५० | १९.५८ |
| साउदी अरब रियाल | १ को | ३७.२६ | ३७.४२ |
| कतारी रियाल | १ को | ३८.३६ | ३८.५२ |
| थाई भाट | ख १ को | ४.३२ | ४.३३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.०६ | ३८.२२ |
| मलेसियन रिङेट | १ को | ३३.१८ | ३३.३३ |
| दक्षिण कोरियन वन | १०० को | १०.०८ | १०.१३ |
| स्विडिस क्रोनर | १ को | १४.६१ | १४.६७ |
| डेनिस क्रोनर | १ को | २१.८९ | २१.९८ |
| हङकङ डलर | १ को | १७.८३ | १७.९० |
| कुवेती दिनार | १ को | ४५७.८० | ४५९.७७ |
| बहराइन दिनार | १ को | ३७०.७७ | ३७२.३६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# सकियो ऐतिहासिक नृसिंह जात्रा

■ प्रभाव संवाददाता



**ललितपुर–** मल्ल राजा सिद्धिनरसिंहको पालादेखि यहाँ हुँदै आएको ऐतिहासिक नृसिंह जात्रा सम्पन्न भएको छ। हरेक वर्ष भाद्र कृष्ण पञ्चमीका दिन पाटनमा सञ्चालन हुने नृसिंह जात्रा बिहीबार सम्पन्न भएको हो।

कुनै पनि दैवी प्रकोप नहोस् र विश्वमै शान्ति कायम रहोस् भन्ने कामनाका साथ यो जात्रा मनाउने गरिन्छ। ललितपुरका छ कूलका राजोपाध्याय समुदायले उमेरको वरिष्ठताको आधारमा पालैपालो सबै व्यवस्थापनको जिम्मा लिएर यो जात्रा सञ्चालन गर्ने प्रचलन छ।

यसपालि गाबहालका मधुर शर्मा राजोपाध्यायको परिवारले जात्रा सञ्चालन गरेको हो। विष्णुको नृसिंह अवतारले दानव हिरण्यकशिपुलाई बध गरेको सम्झनामा बाजागाजा र भजनटोलीसहित ललितपुर सहर परिक्रमा गराइन्छ। नृसिंहतिर फर्केर हातमा धूप लिएर प्रणाम गर्दै प्रल्हादको जस्तो उल्टो पाइला चाल्दै नगर परिक्रमा गर्ने चलन रहेको छ। नृसिंहको दायाँबायाँ लक्ष्मी र सरस्वती बस्ने चलन छ भने यो यात्रामा छ जोडी कन्याको पनि सहभागिता रहने गर्दछ।

जात्रामा पालोवालाको पुरोहित, ज्वाइँ अथवा भाञ्जा नृसिंह बनेर ललितपुरको प्राचीन नगरीको सायाः अर्थात् सापारु रुटमा परिक्रमा गराउने प्रचलन रहेको छ।

जात्राको क्रममा बाजागाजा, प्रत्यक्ष भजनसहित नृसिंह देवगणको टोलीले पाटनको गाबहाल, पिम्बहाल, बंगलामुखी, कोबहाल, मंगलबजार, सुन्धारा, इकुबहाल, महाबौद्ध, टंगाल, तिच्छु गल्ली, हौगल, इखालखु, पूर्णचण्डीलगायत विभिन्न ठाउँमा यात्रा गर्ने चलन छ। जात्राको परिक्रमा हुने विभिन्न स्थानमा नृसिंहलगायत देवताहरूको ठाउँ-ठाउँमा विसर्जन गरी पूजापाठ गर्नुका साथै बालबालिकालाई ढोगाउने चलन रहेको छ।

ललितपुरमा कात्तिक नाच र उपालकं सायाःका गरी दुई नृसिंहका रूप रहेका छन्। कार्तिक नाचका नृसिंहको उग्ररूप र उपालकं सायाःलाई शान्त स्वभावका रूपमा लिने गरिन्छ। नेपाल सम्वत् ७५१ अर्थात् विक्रम संवत् १६८८ देखि यो जात्रा सञ्चालन भइरहेको जनाइन्छ।

# मध्यपुरथिमिमा सम्पन्न भयो नीलबाराही, नगदेश भैलः, लाय्कु भैलः र सलँचा प्याखँ



**भादगाउँ (भक्तपुर)–** मध्यपुरथिमिमा गत सोमबार रातिदेखि सञ्चालनमा आएको ऐतिहासिक नीलबाराही देवगणको बोदे द्यो प्याखँ, नगदेशको तान्त्रिक भैलः प्याखँ, थिमिको लाय्कु भैलः प्याखँ, पोवुको सलँचा प्याखँ बिहीबार राति सम्पन्न भएको छ।

मध्यपुरथिमिमा गाईजात्राको भोलिपल्ट अर्थात् भाद्र कृष्ण द्वितिया (गुँलागा द्वितिया) रातिदेखि नीलबाराही गणनाच, भैलः (भैरव), महाकाली, अष्टमातृका, सलँचा, नागँचा प्याखँलगायतका प्याखँ प्रदर्शन गर्ने परम्परा रहेको छ। सो परम्पराअनुसार यस वर्ष बोदेको नीलबाराही द्यो प्याखँ, नगदेशमा तान्त्रिक भैलः प्याखँ, थिमिमा लाय्कु भैलः प्याखँ, मध्यपुर थिमि वडा नं ५ को पोबुबाट सलँचा प्याखँ र विभिन्न टोलबाट नागँचा प्याखँ प्रदर्शन गरिएको थियो।

त्यसमध्ये बोदेको नीलबाराही देवगणको बोदे द्यो प्याखँ सबैभन्दा कठिन र नियमित प्रदर्शन भइरहेको प्याखँ हो। मध्यपुरथिमि वडा नं ८ र ९ बोदेमा चार रात सञ्चालन हुने यो प्याखँ बोदेको नारायणथान लाछीबाट सुरु भई लायकु छें, विष्णु घाः महालक्ष्मी थान, भाँगुटोल, खोंसी टोल नीलबाराही स्थान हुँदै पुनःनारायणथानमा प्रदर्शन गरेर समापन गरिएको हो।

प्याखँमा धाँ बाजा, भुस्या, काँय, पोंगा बाजाको तालमा परम्परागत शैलीमा देवी र देवगण नाच्ने गुठीका नाइके एवं देवगण नाइके प्रेमचन्द्र अदुवा श्रेष्ठले बताए। नीलबाराही नाचको देवगणमा भैरव एक, बाराही चार, कुमारी चार, सिहं चार, द्वारपाल दुई र गणेश चार गरी १९ जनाको समूह हुन्छ। देवगणका जोकल (सहयोगी) र वाद्यवाधक गरी १०० जनाभन्दा बढी व्यक्ति यो प्याखँमा क्रियाशील भएका थिए।

प्याखँ प्रदर्शनका क्रममा हजारौं श्रद्धालुले देवीदेवतालाई आ-आफ्नो गच्छेअनुसार नगद, लत्ताकपडा, फलफूल, मिठाइलगायतका वस्तु चढाएका थिए। बोदे द्यो प्याखँको परम्पराअनुसार देवी देवतालाई चढाएको नगदभेटी सबै गुठीमा जम्मा गर्ने र प्याखँ प्रदर्शनका क्रममा हुने खर्च, क्षमा पूजालगायतको खर्च कटाएर बाँकी रहेको रकम देवगण, वाद्यबाधक सबैलाई दामासाहीले बाँडफाँट गरिन्छ।


यसैगरी, मध्यपुरथिमि-७ नगदेशमा १२ वर्षपछि तान्त्रिक भैलः प्याखँ प्रदर्शन गरिएको थियो। विविध कारणले रोकिएको यो प्याखँ नगदेशको पुखुःसीबाट निकालिएको थियो। पुखुःसीबाट नगदेशको सिद्धिगणेश परिसरमा सिद्धिगणेशको साधना गरी नगदेशका विभिन्न टोलमा यो प्याखँ प्रदर्शन गरिन्छ।

यस्तै, मध्यपुरथिमिको वडा नं ४ लायकु (दरबार)बाट यस वर्ष लाय्कु भैलः प्रदर्शन गरिएको थियो। लाय्कुबाट बालकुमारी मन्दिर परिसर पुगी बालकुमारीको साधना गरेपछि लाय्कु भैलः थिमि, चपाचोकका विभिन्न टोलमा प्याखँ प्रदर्शन गरिएको प्याखँका गुरु अर्जुन श्रेष्ठले जानकारी दिए।

मध्यपुरथिमिमा यस वर्ष करिब सात वर्षपछि पोवुबाट सलँचा प्याखँ प्रदर्शन गरिएको थियो। यसमा महाभारतकालीन कथा जोडिएको छ। पाण्डवहरू जुवामा सबथोक हारेर १४ वर्षको वनबास र एक वर्षको गुप्तवासपछि घोडामा घर फर्किएको प्रसंग सो प्याखँमा रहेको गुरु कान्छा भासिमाले जानकारी दिए। युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव क्रमशः कालो, रातो, हरियो, पहेंलो र सेतो जामामा हुन्छन्।


भोक्राहा नरसिंह गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चिरौली, सुनसरी, कोशी प्रदेश, नेपाल

## जनहितमा जारी सन्देश


डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ।


थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ।



सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगीको लक्षणहरू: उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरू, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरू आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन्।



## डेंगीबाट बच्ने उपायहरू

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ। त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने।




आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने। पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने।


दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने।



बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने।




पूरै शरिर ढाक्ने लुगा लगाउने।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं।



**साउदीमा रोजगार** कम्पनी : MAGHANEM CATERING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/30 | LT. No. 329371 | चलानी नं. ६०२४३१७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenter | 1 | 0 | 1200 | ४४,७९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ७ गते (23rd Aug. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**TRIPLE STAR EMPLOYMENT PVT. LTD.**
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552,
Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624
श्रम इजाजत नं. ७४८/०६५/०६६



**कतारमा रोजगार** कम्पनी : MICRO TRADING & CONTRACTING W.L.L

पूर्व स्वीकृति मिति : २०८१/02/21 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/30 | LT. No. 305705 | चलानी नं. ६०२२०४४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plaster Worker | 1 | 0 | 1100 | ४२,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ७ गते (23rd Aug. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**SAMPAANATA OVERSEAS PVT. LTD.**
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com,
info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com
Govt. License 1579/079/080



**साउदीमा रोजगार** कम्पनी : KAAF LOGISTICS CO. LTD.

पूर्व स्वीकृति मिति : २०८२/04/28 | LT. No. 328999 | चलानी नं. ६०२४३१९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forklift Operators | 1 | 0 | 1500 | ५५,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६७,१९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ७ गते (23rd Aug. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

International Trade Links Nepal Pvt. Ltd. Govt. License No. 706/064/065
**INTERNATIONAL TRADE LINKS NEPAL PVT.LTD.**
KMC-4, Dhumbarahi, Kathmandu, Nepal, Tel: +977-1-4970669
E-mail : info@itlnepal.com, nir@itlnepal.com, Web: www.itlnepal.com



**साउदीमा रोजगार** कम्पनी : SAHOL AL-ETTIJAH SHIPPING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/29 | LT. No. 329329 | चलानी नं. ६०२४३११६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cement Mixture Driver | 3 | 0 | 1800 | ६७,९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ७ गते (23rd Aug. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

छानिएका प्रतियोगीमा कृष्ण कसुधम नेपालगन्ज, इन्द्र ढुंगेल महेन्द्रनगर, रेजो नकुमार गौतम धनगढी, सन्देश गजुरेल नुवाकोट, निशान्त बुढायर कञ्चनपुर, कुशग्र गुप्ता नेपालगञ्ज, सत्यम पाठक काठमाडौं, निश्चल मानन्धर हेटौंडा, अजय रौनियार दुहबी सुनसरी, विजय स्याङ्तान मकवानपुर, अशिम बस्नेत, गिरीश रत्न शाक्य भद्रपुर झापा, प्रणिप श्रेष्ठ काठमाडौं, अजय रिजाल धगढी, सक्रिया घिसिङ तामाङ काठमाडौं, सन्दीप भारती काठमाडौं, एञ्जल गिरी धरान, आशिष गिरी अमेरिका, अष्टिन शेरचन ललितपुर, दर्पण सिंह गिरी पोखरा, दिनेश गुरुङ स्याङ्जा, हिमाञ्चल राज केसी ललितपुर, निशान कार्की विराटनगर, सबल कटुवाल कटारी, उदयपुर, विशनजंग निरौला इटहरी, सुजल उपाध्याय भैरहवा, प्रकाश चौहान मोरङ, निशान्त केसी सुर्खेत, लक्ष्मणचन्द ठकुरी बैतडी र प्रभात थापा क्षेत्री नेपालगन्जका रहेका छन्।

सबै प्रतियोगी अब फाइनलका लागि अन्तिम तयारी कक्षामा स्वमिङ, फुटबल, रक क्लाइमिङ, समाजसेवा, सर्ट हाइकिङग, क्याटवाक, व्यक्तित्व विकास, पब्लिक स्पिकिङलगायतका दर्जन बढी विषयको प्रशिक्षण जुट्नेछन्। प्रतियोगितामा नेपालको आन्तरिक पर्यटनको विकासका लागि समेत विभिन्न गतिविधि सञ्चालन हुने आयोजक नेक्स्ट मोडल्स नेपालकी प्रवन्ध निर्देशक यत्ना पाण्डेले जानकारी दिइन्।

देशैभरि छरिएर रहेका युवा प्रतिभालाई समेट्ने उद्देश्यले आयोजना हुँदै आएको प्रतियोगितामा 'मिस्टर वर्ल्ड नेपाल', 'मिस्टर ग्लोबल नेपाल' र 'म्यान अफ द वर्ल्ड नेपाल' गरेर तीन विजेता छानिनेछ। विजेताले 'मिस्टर वर्ल्ड २०२५' वा 'मिस्टर ग्लोवल २०२५' मा नेपालको प्रतिनिधित्वको अलवा ५ लाख बराबरको पुरस्कार हात पार्नेछन्। प्रतियोगीताको कोरियोग्राफी तथा मेन्टरसिप प्रशन्त ताम्राकार रहेका छन्।

युवाहरूको व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, क्षमता उजागर लगायत नेतृत्वदायी क्षमता विकास गर्ने उदेश्यले यो प्रतियोगिता २००१ देखि प्रतियोगीता नियमित आयोजना हुँदै आएको आयोजक नेक्स्ट मोडल्स नेपालका सिइयो रवि धमलाले बताए। यो प्रतियोगीता पुरुषहरू सहभागी हुने नेपालकै ठुलो र प्रतिष्ठित प्रतियोगिता हो। प्रतियोगिता विगतको भन्दा अझ भव्य हुने आयोजकको दाबी छ। प्रतियोगीताको फाइनल प्रतिस्पर्धा सोल्टी होटलमा १२ सेब्टेम्बरमा आयोजना हुनेछ।



# 'गुन्यु चोलो : द ड्रेस'

**काठमाडौं (प्रस)–** नेपाली समाज अन्तरमुखी स्वभावको छ। मनमा लागेको कुरा भित्रभित्रै गुम्स्याएर राख्छ तर खुलस्थ पार्दैन। पितृसत्तामक सोच भएको समाजमा महिला दबिएर र पिल्सिएर बस्नुपर्ने अवस्था छ।

महिला त आफ्नो पीडा हम्मेसी राख्न नसक्ने समाजमा तेस्रोलिंगीको अवस्था कस्तो होला। तेस्रोलिंगीले आफ्नो पहिचान दबाएर बस्नु पर्ने अवस्था छ। त्यसैले अधिकांश तेस्रोलिंगी आफ्नो पहिचानलाई भित्रै दबाएर नारकीय जीवन जिइरहेका छन्। घर, परिवार र समाजको डरले र आफैं बहिस्कृत हुने त्रासले तेस्रोलिंगीहरू आफ्नो असली लिंगीय पहिचान दबाएर बसिरहेका छन्। कसरी बसिरहेका छन् त्यसको केही झलक चलचित्र 'गुन्यु चोलो : द ड्रेस'को ट्रेलरमा देखिन्छ।

जहाँ छोरो महिलाको नेचरको छ। तर, बाउआमा, साथी, आफन्त, छिमेकी साराले उसलाई हेय भावले हेरिरहेका छन्। छोरोको चाहाना हातभरी छन्छन् चुरा, आँखामा गाजल र सारीचोलो लगाएर बाँच्नेछ। तर, बाउ छोरोलाई लाउरे बनाउने हरदिन टर्चर दिन्छन्। यो कथा देखाएको चलचित्र 'गुन्यु चोलो : द ड्रेस'को ट्रेलरले यतिबेला सकारात्मक प्रतिक्रिया पाइरहेको छ। प्राप्त प्रतिक्रियाले निर्माणपक्ष अहिले दङ्ग छ।

'हामीले जस्तो अपेक्षासहित सिनेमा बनाएको थियौं। त्यसको नजिक पुगेको ट्रेलरको प्रतिक्रियाले छनक दिइरहेको छ,' निर्देशक समुद्र भट्टले भनिन्, 'ट्रेलरजस्तै प्रतिक्रिया र माया चलचित्रबाट पायौं भने हामी सफल हुनेछौं। र, हामी सफलताको नजिक रहेको ट्रेलरले देखाएको छ।'

नेपालमा दबिएर बसेको र आफ्नो आवाज बाहिर ल्याउन नसकेको समुदायको बोली आफ्नो टिमले चलचित्र 'गुन्यु चोलो : द ड्रेस'मार्फत् बोलेको उनले बताइन्।

चलचित्रका मुख्य अभिनेता नाजिर हुसेन पनि सिनेमालाई लिएर ठूलो अपेक्षामा छन्। जुन गीत र ट्रेलरले अपेक्षा पूरा हुँदै गएको उनको भनाइ छ। दशक अगाडि 'होस्टेल'ले रामेश्वर यादवको पहिचान दिएको भन्दै अब चलचित्र 'गुन्यु चोलो : द ड्रेस'को ट्रेलरले आफूलाई नयाँ चरित्रमार्फत दर्शक माझ चिनाउने नाजिर बताउँछन्।


'गुन्यु चोलो : द ड्रेस' भदौ १३ गते रिलिज हुँदैछ। समुन्द्र भट्टको निर्देशन रहेको चलचित्र 'गुन्यु चोलो : द ड्रेस' लैंगिक अल्पसंख्यक पारालैंगिक पात्रको कथामा बनेको छ।

'गुन्यु चोलो : द ड्रेस'मा नाजिरले पारालैंगिक महिला (ट्रान्सवुमन)को भूमिका निर्वाह गरेका छन्। नाजिरसँगै चलचित्रमा सञ्चिता लुइँटेल, सुशील सिटौला, राजकुमार घोष, शिशिर राणा, अनुपम श्रेष्ठ र विशाल पहारीले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

नेपालको पहिलो पूर्णरूपको ट्रान्स स्टोरीमा निर्मित यो चलचित्रको अन्तर्राष्ट्रिय वितरण अधिकार अमेरिकाको बफेलो एट्ले किनेको छ। चलचित्रको सम्पूर्ण पोस्ट प्रोडक्सनको काम बाहिर गरिएको छ। चलचित्रको एडिट, कलर, मिक्सिङ, साउन्ड डिजाइनदेखि ब्याकग्राउन्ड म्युजिकसम्मको काम हलिउड शैलीमा बाहिरै गरिएको छ।

चलचित्रमा हलिउडकी कलाकार लिजा जेरार्डले स्वर दिएकी छिन् भने ब्याकग्राउन्ड म्युजिकको सम्पूर्ण काम मार्सेलो दी फ्रान्सिसीले गरेका छन्। हलिउड चलचित्र 'ग्ल्याडिएटर- २' मा लिजाले स्वर दिएकी थिइन्। यो चलचित्र नेपाली फिल्म प्रोडक्सन हाउस र हलिउड फिल्म प्रोड्क्सन हाउसको संयुक्त कोल्याबोरेसनमा बनेको हो। चलचित्रमा आकाश बुढाथोकी र भि-भन्से जानुबोनको लगानी छ। चलचित्रको कार्यकारी निर्माता जेफ्री जे वेन र स्टिभ जोन्स्टन हुन् भने अनुपम श्रेष्ठ चलचित्रका सहयोगी निर्माता हुन्।

आलोक शुक्लाले खिचेको चलचित्रमा लेखु सहयात्रीको गीत रचना रहेको छ। यो चलचित्र अमेरिकाको प्रतिष्ठित तस्वीर फिल्म मार्केटमा छनोट भएको थियो।





# नेपाल नर्दन टेरिटोरी स्ट्राइकरसँग ४२ रनले पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** अष्ट्रेलियाको डार्विनमा जारी टप एण्ड टी-२० सिरिजमा नेपाल अष्ट्रेलियाको स्थानीय क्लब नर्दन टेरिटोरी स्ट्राइकरसँग पराजित भएको छ।

अष्ट्रेलियाको मरारा क्रिकेट ग्राउण्ड २ शुक्रबार भएको आफ्नो उद्घाटन खेलमा नेपाल नर्दन टेरिटोरीसँग ४२ रनले पराजित भएको हो। नर्दन टेरिटोरीले जितको लागि दिएको एक सय ७८ रनको लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा ८ विकेट गुमाएर एक सय ३५ रनमा समेटियो।

नेपालका लागि कुशल मल्लले सर्वाधिक ३४ रन बनाए। त्यसैगरी गुल्शन झाले २६ तथा कप्तान रोहित पौडेलले २३ रन बनाए। नर्दन टेरिटोरीका लागि म्याट हामोन्डले तीन विकेट लिए भने टम एन्ड्रयुज र केन रिचार्डसनले समान दुई/दुई विकेट लिए। त्यस्तै हामिश मार्टिनले एक विकेट लिए।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नर्दन टेरिटोरीले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै एक सय ७७ रनको योगफल बनाएको थियो। उसका लागि ओपनर डार्सी शर्टले सर्वाधिक ५१ रनको अर्धशतकीय पारी खेले।

त्यसैगरी टम एन्ड्रयुजले अविजित ३२ रन जोडे भने जोर्डन सिल्कले १९ रन बनाए। कोनर क्यारोलले १८, क्याडी म्याकमोनले १२ तथा जेक वेदराल्डले ११ रन बनाए। नेपालका लागि सन्दीप लामिछानेले तीन विकेट लिए भने शाहव आलमले दुई विकेट झारे। त्यस्तै गुल्शन झा, दीपेन्द्रसिंह ऐरी र कप्तान रोहित पौडेलले समान एक एक विकेट लिए।

नर्दन टेरिटोरीले सन् २०२३ मा भएको सिरिजको पहिलो संस्करणको उपाधि जितेको थियो। त्यस्तै गतवर्ष भने सेमिफाइनलसम्म पुगेको थियो। नेपालले अब आज (शनिबार) बंगलादेश 'ए' टोलीसँग खेल्नेछ।

# जेभियर र ग्रिनफिल्डको विजयी सुरुआत

■ प्रभाव संवाददाता

**काठमाडौं–** जेभियर इन्टरनेसनल कलेज र ग्रिनफिल्डले ग्लोबल हुप फेस्टअन्तर्गत अन्तरकलेज प्लस टु छात्र बास्केटबल प्रतियोगितामा शुक्रबार विजयी सुरुआत गरेका छन्। सानागाउँस्थित रोयल स्पोर्ट्स सेन्ट्रलमा भएको खेलमा जेभियरले कान्जिरोवालाई ५८-३४ ले पराजित गऱ्यो। जेभियरको जितमा कुशल गुरुङले १२ अंक योगदान गरे। पहिलो क्वाटरमा ६-१२ ले पछि परेको जेभियरले बाँकीमा अग्रता बनाउदै जित सुनिश्चित गऱ्यो। जेभियरले दोस्रोमा २४-६, तेश्रोमा १४-८ र चौथोमा १४-८ स्कोर गऱ्यो।

सशान्त कार्कीको २१ अंक सहयोगमा ग्रिनफिल्डले गोल्डेनगेट इन्टरनेसनल कलेज 'ए' लाई ६३-५१ ले हरायो। पहिलो र दोस्रो क्वाटरमा १६-१५ र १८-११ को अग्रता लिएको ग्रिनफिल्ड तेस्रोमा ८-१३ ले पछि पऱ्यो। ग्रिनफिल्डले चौथो क्वाटरमा २१-१२ को स्कोर गर्दै जित निकाल्यो।

अबाइड ग्लोबल एजुकेसन कन्सल्टेन्सी प्रा.लि. को आयोजनामा भइरहेको प्रतियोगितामा बर्नहार्ट र प्रिमियरले पनि जितका साथ यात्रा प्रारम्भ गरे। बर्नहार्टले टाइम्स इन्टरनेसनल कलेजमाथि ५६-४६ को जित दर्ता गऱ्यो। बर्नहार्टका अनिश गुरुङले १७ अंक बटुले। बर्नहार्टले पहिलो क्वाटरमा २१-१५ र दोस्रोमा १२-१० को अग्रता लियो।

तेस्रो क्वाटरमा ११-१२ को झीनो अन्तरले पछि परेको बर्नहार्टले चौथोमा १२-९ को प्रदर्शन गऱ्यो। प्रिमियरले गोल्डेनगेट 'बी' लाई ५३-३० ले पाखा लगायो। प्रिमियरका अश्विन चालिसेले २१ स्कोर गरे। प्रिमियरले पहिलोमा २१-४ र दोश्रोमा ११-८ अंक जोडे। तेस्रो क्वाटर ११-११ को बराबरी भयो भने चौथोमा प्रिमियर १०-७ ले अगाडि रह्यो।

११ टिम सहभागी प्रतियोगिताको विजेताले २५ हजार र उपविजेताले १० हजार नगद पुरस्कार पाउने छन्। 'मोस्ट भेलुएबल प्लेयर' लाई ५ हजार नगदबाट पुरस्कृत गरिने छ।



# एरोनलाई समेट्दै यु-२३ एसियन कप छनोट खेल्ने टोली घोषणा

**काठमाडौं (प्रस)–** मिडफिल्डर एरोन थापालाई समेट्दै मुख्य प्रशिक्षक नवीन न्यौपानेले एएफसी यु-२३ एसियन कप छनोट खेल्ने अन्तिम टोली घोषणा गरेका छन्। टोलीले सेप्टेम्बर ३ देखि ९ सम्म ताजिकिस्तानमा एएफसी यु-२३ एसियन कप छनोट खेल्नेछ।

न्यौपानेले बन्द प्रशिक्षणमा रहेका ३२ बाट शुक्रबार अन्तिम २३ सदस्सीय टोली घोषणा गरेका हुन्। यम सिनियर टोलीबाट खेलिरहेका विंगर आयुष घलानसँगै मिडफिल्डर कृतिशरत्न छुन्जु र भुटानमा लिग खेलिरहेका डिफेन्सिभ मिडफिल्डर सन्तोष खत्री पनि टोलीमा परेका छन्।



यी खेलाडी यु-२३ टोलीमा आबद्ध भएसँगै त्यही समय (सेप्टेम्बर ६ र ९) मा हुने नेपाल र बंगलादेशबीचको मैत्रीपूर्ण खेल गुमाउने छन्। नेपाल यु-२३ टोलीले ग्रुप 'के' मा छ। यो समूहमा सिरिया, फिलिपिन्स र आयोजक ताजिकिस्तानले प्रतिस्पर्धा गर्नेछ। नेपालले पछिल्लो पटक सन् २०२२ मा यु-२३ छनोट खेलेको थियो।



भारतको उत्तर प्रदेश राज्यको लखनऊमा शुक्रबार आयोजित स्वतन्त्रता दिवस समारोहमा प्रस्तुति दिँदै कलाकार । *एएफपी*

# दोस्रो विश्वयुद्धको ८० वर्षपछि जापानी सम्राटद्वारा 'गहिरो पश्चात्ताप' व्यक्त

**टोकियो–** द्वितीय विश्वयुद्धमा जापानको आत्मसमर्पणको ८०औं वार्षिकोत्सवको अवसरमा सम्राट नारुहितोले शुक्रबार 'गहिरो पश्चात्ताप' व्यक्त गर्दै युद्धमा ज्यान गुमाएका लाखौंप्रति श्रद्धाञ्जलि अर्पण गरेका छन् ।

टोकियोको यासुकुनी मन्दिरमा हजारौं मानिसले चर्को गर्मीको बीचमा श्रद्धाञ्जलि दिए । यो मन्दिरले १९औं शताब्दीको अन्त्यदेखि मृत्यु भएका मुख्यतया २५ लाख जापानी सैनिकलाई सम्मान गर्छ, तर केही युद्ध अपराधीहरूलाई पनि सम्मान भाव प्रकट गर्ने भएकाले विवादास्पद मानिन्छ ।

यहाँ जापानी मन्त्रीहरूको उपस्थितिले चीन र दक्षिण कोरियालगायत युद्धपीडित देशहरूलाई क्रोधित बनाउँदै आएको छ । सहरको केन्द्रमा आयोजित समारोहमा सम्राट नारुहितोले महारानी मासाकोसँग सहभागिता जनाउँदै भने, 'अन्तिम युद्धमा आफ्नो बहुमूल्य जीवन गुमाएका असंख्य व्यक्ति र तिनीहरूका शोकाकुल परिवारहरूसँग मेरा विचारहरू छन् । हाम्रो विगतप्रति चिन्तन गर्दै र गहिरो पश्चात्तापको भावनालाई दिमागमा राख्दै म इमानदारीपूर्वक यस्तो विनास फेरि कहिल्यै नदोहोरियोस् भन्ने आशा गर्छु ।'

प्रधानमन्त्री शिगेरु इशिबाले पनि शान्तिका लागि काम गर्ने वाचा गरे । यद्यपि, उनले यासुकुनी मन्दिरमा परम्परागत भेटी पठाए, जसले फेरि विवाद जन्माएको छ । पूर्वप्रधानमन्त्री



शिञ्जो आबेको भ्रमणले अन्तर्राष्ट्रिय आलोचनाको सामना गर्नुपरेकाले सन् २०१३ यता कुनै पनि प्रधानमन्त्रीले मन्दिर भ्रमण गरेका छैनन् ।

उक्त दिन कृषिमन्त्री शिञ्जिरो कोइजुमी, विपक्षी नेत्री सानाए ताकाइची र राष्ट्रवादी सानसेइतो पार्टीका सदस्यहरू पनि मन्दिर पुगेका थिए । मन्दिर परिसरमा तापक्रम ३० डिग्री सेल्सियसभन्दा बढी थियो । धेरैले छाताहरू प्रयोग गरी घामबाट बच्ने प्रयास गरेका थिए । केही बिरामीसमेत परे ।

स्थानीय नागरिकहरू युद्धका पाटाहरू सम्झन र आत्मचिन्तन गर्न मन्दिर पुगेका थिए । एक आगन्तुक ताकाशी इगुचीले भने, 'हामी युद्धको सम्भावना रहेको समयमा बाँचेका छौं । जापानको इतिहास सम्झनु अहिले झन् महत्त्वपूर्ण छ ।'

सम्राट नारुहितो, महारानी मासाको र राजकुमारी ऐकोले अर्को महिना नागासाकी भ्रमण गर्ने छन् । त्यहाँ उनहरूले परमाणु बमबाट बाँचेकाहरूलाई भेट्ने र युद्धपीडितलाई श्रद्धाञ्जलि अर्पण गर्ने कार्यक्रम छ । यो सम्राटको सिंहासनमा आरोहणपछिको पहिलो नागासाकी भ्रमण हुने छ । *रासस/एएफपी*

# देशको हितलाई 'पर्खालझैं' जोगाउने मोदीको घोषणा

**नयाँदिल्ली–** प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रबार भारतलाई ऊर्जा स्वतन्त्र र आफ्नै शक्तिशाली रक्षा प्रणालीको विकासका साथ आत्मनिर्भर बनाउने प्रतिज्ञा गर्दै देशको हितलाई 'पर्खालझैं' जोगाउने घोषणा गरेका छन् ।

वार्षिक स्वतन्त्रता दिवसको अवसरमा नयाँदिल्लीको लालकिल्लाबाट सम्बोधन गर्दै मोदीले भने, 'आत्मनिर्भरता विकसित भारतको आधार हो । अरूमाथि अत्यधिक निर्भरता भए स्वतन्त्रताको अर्थ रहँदैन ।'

भारत अहिले अमेरिकाबाट थप आयात करको दबाबमा छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतलाई रुसी तेल खरिद रोक्न अल्टिमेटम दिँदै अन्यथा अगस्ट २७ देखि भारतमा लागू २५ प्रतिशत आयात भन्सार शुल्क ५० प्रतिशत पुर्‍याइने चेतावनी दिएका छन् ।

भारतले युक्रेन युद्ध अन्त्य गर्ने प्रयासलाई समर्थन गर्न 'तयार रहेको' बताएको छ र शुक्रबार अलास्कामा ट्रम्प र रुसी राष्ट्रपति



भ्लादिमिर पुटिनबीच हुने शिखर सम्मेलनलाई समर्थन गरेको छ । मोदीले भने, 'हामी हाम्रो ऊर्जा आवश्यकताका लागि धेरै देशमा निर्भर छौं । तर साँचो अर्थमा आत्मनिर्भर बन्न हामीले ऊर्जा स्वतन्त्रता हासिल गर्नैपर्छ ।'

उनले वैज्ञानिक र इञ्जिनियरहरूलाई लडाकु विमानका इञ्जिन, सेमिकण्डक्टर चिप्स र सैन्य उपकरणहरूजस्ता क्षेत्रमा स्वदेशी उत्पादनमा ध्यान दिन आह्वान गरे । उनका अनुसार यसै वर्षको अन्त्यसम्म भारतमा बनेका सेमिकण्डक्टर चिप्स बजारमा आउने छन् । भारतले आफ्नै अन्तरिक्ष स्टेसन बनाउने योजना अघि बढाइरहेको छ र अर्को दशकमा 'डिफेन्स सिल्ड' स्थापना गर्ने तयारीमा छ ।

मोदीले हालै पाकिस्तानसँग भएको चार दिनको द्वन्द्वमा सहभागी भारतीय सेनाप्रति सम्मान व्यक्त गरे । उनले अमेरिकी नीतिबारे प्रत्यक्ष टिप्पणी नगरी किसानका हितविरुद्ध हुने कुनै पनि कदमका विरुद्ध 'पर्खालझैं उभिने' बताए ।

कृषि भारतको अर्थतन्त्र र रोजगारीको मुख्य आधार भएकाले व्यापार वार्तामा यो संवेदनशील विषय बनेको छ । मोदीले भने, 'आर्थिक स्वार्थ बढ्दै गइरहेका बेला हामीले संकटको मात्र चिन्ता नगरी आफ्नै शक्तिमा केन्द्रित हुनुपर्छ ।' *रासस/एएफपी*

# विश्व प्लास्टिक प्रदूषण सन्धि वार्ता 'असफल'

**जेनेभा–** प्लास्टिक प्रदूषण नियन्त्रणका लागि ऐतिहासिक विश्वव्यापी सन्धि गर्ने उद्देश्यले भएको वार्ता शुक्रबार असफल भएको छ । एक सय ८५ देशका प्रतिनिधिहरूले लामो छलफल गरे पनि प्लास्टिक संकटलाई कसरी समाधान गर्ने भन्नेमा सहमति हुन सकेन ।

प्लास्टिक उत्पादन घटाउन चाहने मुलुकहरू र केवल फोहोर व्यवस्थापनमा ध्यान केन्द्रित गर्न चाहने तेल उत्पादक राष्ट्रहरूबीच सहमति खोज्ने प्रयास विफल भएको छ । तीन वर्षमा भएको छ चरणको वार्तापछि पनि सम्झौता नभएपछि धेरै देशले निराशा व्यक्त गर्दै आगामी वार्तामा पनि तयार रहने बताएका छन् । क्युबाले भन्यो, 'हामीले ऐतिहासिक अवसर गुमायौं, तर यस ग्रह र भावी पुस्ताको लागि तुरुन्तै कार्य गर्नुपर्छ ।' कोलम्बियाले भनेको छ, 'सम्झौता नचाहेका थोरै संख्याका मुलुकहरूले वार्तालाई निरन्तर अवरुद्ध गरेका थिए ।'

प्यासिफिकका १४ साना टापु राष्ट्रहरूको तर्फबाट टुभालुले भन्यो, 'हाम्रा टापुहरूका लागि विश्वव्यापी सहयोग र कदमविनै लाखौं टन प्लास्टिक फोहोर हाम्रो समुद्रमा पुग्ने छ, जसले हाम्रो वातावरण, खाद्य सुरक्षा, आजीविका र संस्कृतिलाई असर गर्ने छ ।'

युरोपेली संघ (इयू), बेलायत, क्यानाडा र धेरै अफ्रिकी तथा ल्याटिन अमेरिकी देशहरू समावेश भएको उच्च महत्त्वाकांक्षा गठबन्धनले प्लास्टिक उत्पादन घटाउने र विषाक्त रसायन हटाउने व्यवस्था चाहन्थे । तर साउदी अरेबिया, कुवेत, रुस, इरान र मलेसियालगायत तेल उत्पादक राष्ट्रहरूको 'लाइक-माइण्डेड ग्रुप' समूहले सन्धिलाई धेरै संकुचित बनाउन चाहन्थ्यो । फ्रान्सकी पारिस्थितिक मन्त्री एग्नेस पान्नियर-रुनाचरले भनिन्, 'म निराश छु र रिसाएकी छु । केही देशले छोटो अवधिका आर्थिक हितका कारण महत्त्वाकांक्षी सन्धि रोकिदिए ।'

वार्ताको भविष्य स्पष्ट छैन । केही देशले सातौं चरणको वार्ताका लागि आह्वान गरेका छन् । इयूले पछिल्लो मस्यौदा पुनः वार्ता सुरु गर्नका लागि 'राम्रो आधार' भएको बताएको छ । विश्वमा हरेक वर्ष ४० करोड टनभन्दा बढी प्लास्टिक उत्पादन हुन्छ र यसको आधा एकल प्रयोगका लागि हुन्छ । यसमध्ये केवल १५ प्रतिशतमात्रै पुनर्चक्रणका लागि संकलन हुन्छ र नौ प्रतिशत मात्र वास्तवमा पुनर्चक्रण हुन्छ । बाँकी ४६ प्रतिशत ल्याण्डफिलमा, १७ प्रतिशत जलाइन्छ र २२ प्रतिशत फोहोरका रूपमा छाडिन्छ । *रासस/एएफपी*

# पाकिस्तानमा बाढीका कारण ३० जनाको मृत्यु



**पेशावर (पाकिस्तान)–** भारी मनसुन वर्षाले उत्तरी पाकिस्तानमा बाढी र आकस्मिक बाढी निम्त्याउदा ३० जनाको मृत्यु हुनुका साथै अन्य धेरै जना घरको भग्नावशेषमा फसेको विपद् एजेन्सीका अधिकारीहरूले शुक्रबार बताएका छन् ।

खैबर पख्तुनख्वा प्रान्तमा विगत २४ घण्टामा कम्तीमा २३ जनाको तथा कश्मीरमा सात जनाको मृत्यु भएको क्षेत्रीय विपद् व्यवस्थापन अधिकारीहरूले पुष्टि गरेका छन् । बाढीले उत्तरपश्चिमी बाजौर जिल्लामा धेरै घरहरू बगाउँदा १६ जनाको मृत्यु भएको छ र २० भन्दा जना बढी भग्नाबशेषमा फसेको प्रान्तीय प्रकोप व्यवस्थापन एजेन्सीलाई उद्धृत गर्दै एएफपीले बताएको छ ।

यसै क्रममा मौसम विज्ञान विभागले उत्तरपश्चिम क्षेत्रमा भारी वर्षाको चेतावनी पनि जारी गर्दै मानिसहरूलाई 'जोखिम'बाट बच्न आग्रह गरेको छ । वार्षिक मनसुनी मौसमले दक्षिण एसियामा ७० देखि ८० प्रतिशत वर्षा हुने हुनाले कृषि र खाद्य सुरक्षाकालगायतका क्षेत्रमा विनास ल्याउँने जनाइएको छ ।

यसअघि सन् २०२२ मा आएको मनसुनी बाढीले देशको एकतिहाइ भाग डुबाउँदा एक हजार ७०० जनाको मृत्यु भएको थियो । *रासस/एएफपी*


## कुवेतमा रोजगार

कम्पनी : COMBINED GROUP CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/30 | LT. No. 329308 | चलानी नं. ६०२४३१७६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 30 | 0 | 110 | ५०,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Mason | 30 | 0 | 110 | ५०,४४० | | | | | | | |
| 3 | Helper | 170 | 0 | 95 | ४३,५६० | | | | | | | |
| 4 | Leadman/charghand | 10 | 0 | 140 | ६४,१९५ | | | | | | | |
| 5 | Safety Officer/engineering | 2 | 0 | 380 | १७४,२४५ | | | | | | | |
| 6 | Scaffolder | 60 | 0 | 110 | ५०,४४० | | | | | | | |
| 7 | Scaffolding Supervisor | 10 | 0 | 210 | ९६,२९५ | | | | | | | |
| 8 | Spray Painters | 10 | 0 | 110 | ५०,४४० | | | | | | | |
| 9 | Steel Fixer | 30 | 0 | 110 | ५०,४४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ७ गते (23rd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ५५९/०६२/०६३

Swift Gurkha International Pvt. Ltd.

Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534

## युएइमा रोजगार

कम्पनी : SAQIR AL MADAM ALUMINIUM &GLASS CONT. L L C — शहर: SHARJAH

पूर्व स्वीकृति मिति : २०८२/08/30 | LT. No. 329296 | चलानी नं. ६०२४३१९२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Doors Maker | 2 | 0 | 1500 | ५७,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Aluminium Fabricators | 3 | 0 | 1500 | ५७,२०५ | | | | | | | |
| 3 | Aluminium Fitter | 3 | 0 | 1500 | ५७,२०५ | | | | | | | |
| 4 | Aluminium Funrnaceman | 2 | 0 | 1700 | ६४,८३० | | | | | | | |
| 5 | Turner | 1 | 0 | 1500 | ५७,२०५ | | | | | | | |

कम्पनी : QUMRA TRANSPORT AND GENERAL CONTRACTING - L.L.C. - S.P.C — शहर: ABU DHABI

पूर्व स्वीकृति मिति : २०८२/08/30 | LT. No. 329295 | चलानी नं. ६०२४३१६५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 10 | 0 | 1500 | ५७,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Masons | 30 | 0 | 1500 | ५७,२०५ | | | | | | | |
| 3 | Building Labour | 10 | 0 | 1000 | ३८,१३५ | | | | | | | |
| 4 | Construction Carpenter Assistant | 10 | 0 | 1500 | ५७,२०५ | | | | | | | |
| 5 | Plasterer | 10 | 0 | 1500 | ५७,२०५ | | | | | | | |
| 6 | Scaffolder | 10 | 0 | 1500 | ५७,२०५ | | | | | | | |
| 7 | Stone Mason | 10 | 0 | 1500 | ५७,२०५ | | | | | | | |
| 8 | Tile Layer | 10 | 0 | 1500 | ५७,२०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ७ गते (23rd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1728/081/82

RELIABLE MANPOWER RECRUITMENT PVT LTD

Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934

Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com

## कतारमा रोजगार

कम्पनी : PRAWASHI TRADING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/02/05 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/30 | LT. No. 324077 | चलानी नं. ६०२३८०३१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 2 | 0 | 1000 | ३८,४७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ७ गते (23rd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD

Govt.Lic. No- 1168/073/074

Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511

E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## कतारमा रोजगार

कम्पनी : VERMINEX PEST CONTROL CO. WLL.

पूर्व स्वीकृति मिति : | LT. No. 329344 | चलानी नं. ६०२४३१६२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pest Control Techn. | 7 | 0 | 1200 | ४६,१७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ७ गते (23rd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११७७/०७३/०७४

Pari Overseas Pvt. Ltd.

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## साउदीमा रोजगार

कम्पनी : BADR MOHAMMED GHATHAN AL-SAYYAH CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/04/२९ | LT. No. 329325 | चलानी नं. ६०२४३१७९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 10 | 0 | 1000 | ३७,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BADR MOHAMMED GHATHAN AL-SAYYAH CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/04/२९ | LT. No. 329326 | चलानी नं. ६०२४३१८०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 6 | 0 | 1000 | ३७,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ ७ गते (23rd Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paliv International Pvt. Ltd.

Aruna Lama Marga-4, Maharajgunj, Kathmandu, Nepal, Tel : +977-1-4518268, 4518716, 5911470

Mobile: 9801070598, E-mail : info.palivinternational@gmail.com, Web: www.palivinternational.com

श्रम ईजाजत नं. ११६४/०७३/०७४

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १९६२०० | प्रति तोला – ० | प्रति तोला – २३१५ |

# कार्यप्रगति देखिनेगरी ठूला आयोजनालाई अगाडि बढाउनुपर्छ : ऊर्जामन्त्री खड्का



■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले कार्यप्रगति देखिनेगरी ठूला विद्युत् र सिँचाइका ठूला आयोजनालाई अगाडि बढाउनुपर्ने बताएका छन् ।

ऊर्जा मन्त्रालयमा शुक्रबार सम्पन्न वार्षिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा उनले बलियो सरकार भएका बेलामा कार्यप्रगति देखिनेगरी ठूला आयोजनालाई अगाडि बढाउनुपर्ने बताए ।

'विगतको सिकाइलाई आधार मानेर जिम्मेवारीका साथ काम गर्‍यौं भने प्रगति हासिल गर्न सकिन्छ, यसको बाटोमा सबै लाग्नुपर्छ,' मन्त्री खड्काले भने । उनले मुलुकको अर्थतन्त्रको प्रमुख आधार ऊर्जा यस मन्त्रालयसँग जोडिएकाले अन्तरनिकायसँगको समन्वयमा यस क्षेत्रको विकास गर्नुपर्नेमा जोड दिए ।

ऊर्जामन्त्री खड्काले बैंकमा थुप्रिएर बसेको पुँजीलाई ऊर्जा विकासको क्षेत्रमा लगाउनसके देश चाँडो विकास हुने विश्वास व्यक्त गरे । 'एकातिर बैंकमा पैसा थुप्रिएर बसेको छ, अर्कोतर्फ विदेशीहरू लगानी गर्न आतुर छन्, तर हामीले किन यसलाई अगाडि बढाउन सकेनौं,' उनले भने । मन्त्री खड्काले हिँउदमा हुने विद्युत् अभावलाई परिपूर्ति गर्नका लागि सरकारले जलाशययुक्त आयोजनालाई विशेष प्राथमिकता दिएर अगाडि बढाउन खोजेको उल्लेख गरे ।

राष्ट्रिय योजना आयोगका सदस्य प्राडा आरपी विच्छाले विगतमा भएका कमी कमजोरीलाई औंल्याउँदै आगामी दिनमा ऊर्जा र सिँचाइ क्षेत्रको विकासमा लाग्नुपर्ने बताए । उनले ऊर्जा र सिँचाइ क्षेत्रको विकासका लागि १६ औं पञ्चवर्षीय योजनासँग सम्बन्धी वार्षिक नीति र कार्यक्रम बनाउनुपर्ने उल्लेख गरे । जलस्रोत तथा सिँचाइ सचिव सरीता दवाडीले आयोजनालाई अगाडि बढाउन अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगबाट राम्रो सहयोग पाए पनि वन र जग्गा प्राप्तीको समस्याले आयोजना निर्माणमा ढिलाइ भएको बताए ।

जल तथा ऊर्जा आयोगको सचिवालयका सचिव दिनानाथ मिश्रले तयारी बिना नै बजेट राख्दा वजेट खर्च हुन नसकेको र प्रगती कम देखिएको बताए । अर्थ मन्त्रालयका प्रतिनिधीले ऊर्जा र जलस्रोत क्षेत्रको विकासका लागि अर्थ मन्त्रालय आवश्यक बजेट विनियोजन गर्न सँधै सकारात्मक रहेको बताए ।

कार्यक्रममा विद्युत विकास विभागका महानिर्देशक जीवछ मण्डल, जलस्रोत तथा सिचाइ विभागका महानिर्देशक मित्र बराल, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकाललगायत विभिन्न कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूले आयोजना निर्माणका क्रममा भोग्नुपरेका समस्याको बारेमा जानकारी गराएका थिए ।

# बजेटका उद्देश्य पूरा गर्न अर्थमन्त्रीको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले चालु आर्थिक वर्षको बजेटले लिएका उद्देश्यहरू पूरा गर्ने गरी लाग्न निर्देशन दिएका छन् ।



मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकलाई सम्बोधन गर्दै अर्थमन्त्री पौडेलले यस पटकको बजेट यथार्थपरक रहेकाले आर्थिक वृद्धि, पूँजीगत खर्च, राजस्व संकलन लगायतका लक्ष्यहरू पूरा गर्नका लागि अहिलेदेखि सकृय भएर लाग्न निर्देशन दिएका हुन् । औसत प्रयासले लक्ष्यहरू पूरा गर्न नसकिने उल्लेख गर्दै अर्थमन्त्री पौडेलले कार्यशैली बदल्न जरुरी रहेको बताए । उनले समस्यहरूमा अल्झिने भन्दा समाधानका लागि सकारात्मक भूमिका निर्वाह गर्न र नतिजालाई ध्यान आग्रह गरे ।

निजीक्षेत्रको मनोबल बढाउनल अध्यादेश, नीति तथा कार्यक्रमहरूले ल्याइएको, संवादलाई बढाइएको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले यसबारे थप अध्ययन तथा अनुसन्धान गर्नुपर्नेमा जोड दिए । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीले अर्थतन्त्रका सुचकहरू ठीक भएपनि निजी र सार्वजनिक क्षेत्रमा 'इकोनोमिक कन्फिडेन्स' बढाउन जरुरी रहेको बताए । नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले व्याजदर कम भएका बेला अर्थतन्त्रलाई अझ बढी चलायमान बनाउन निश्चत क्षेत्रमा सरकारले नै 'विग पुस' गर्नुपर्नेमा जोड दिए ।

अर्थ सचिव घनश्याम उपाध्यायले विगतको लक्ष्य र नतिजाहरू आइसकेका हुनाले आत्मसमीक्षा गरी काममा केन्द्रित हुनु पर्ने बताए । राजस्व सचिव दिनेशकुमार घिमिरेले कार्यक्रमहरू कार्यान्वयनमा अहिलेदेखि तदारुकताका साथ लाग्दा मात्र लक्ष्यहरू पूरा हुन सक्ने बताए । उनले राजस्व प्रशासनमा अझ बढी सुधारको खाँचो औल्याए ।

अर्थ मन्त्रालय योजना, अनुगमन तथा मूल्यांकन महाशाखा प्रमुख तथा प्रवक्ता श्यामप्रसाद भण्डारीले अर्थतन्त्रका सुचकहरू सकारात्मक रहेको जानकारी दिँदै आगामी दिनमा थप समन्वय र सहजीकरणलाई प्राथमिकता दिने बताए । बैठकका सहभागीहरूले कार्यक्रम कार्यान्वनयका क्रममा देखा पर्ने समस्या र चुनौतीहरूलाई तत्काल समाधान गर्दै अघि बढ्दा थप नतिजा आउन सक्ने धारणा व्यक्त गरेका थिए ।

# पर्वतारोहण संघ अध्यक्षमा शेर्पाको उम्मेदवारी

**काठमाडौं (प्रस)–** नेपाल पर्वतारोहण संघ (एनएमए) को आगामी निर्वाचनमा अध्यक्ष पदका लागि फुर गेल्जे शेर्पाले आफ्नो पूर्ण टिमसहित उम्मेदवारी घोषणा गरेका छन् ।

लाजिम्पाटमा आयोजित पत्रकार सम्मेलनको आयोजना गर्दै अध्यक्ष पदका उम्मेदवार शेर्पाले आफ्नो समूहको परिचय गराए । उनले भने, 'मैले हिमाललाई नजिकबाट चिनेको छु, पर्यटनको विकास र पर्यावरणको परिवर्तनलाई मैले नजिकबाट देखेको छु । त्यसकारण मैले यस क्षेत्रको समृद्धिमा गर्न सक्ने धेरै काम छन्, जसलाई हाम्रो समूहले पूर्णता दिनेछ । प्रत्येक वर्ष सुनिने हिमपहिराको घटना न्यूनीकरण गर्नुका साथै हामीले हाम्रो पर्यटकीयस्थलाई प्रवर्द्धन गर्नु दायित्व छ । हाम्रो पेसागत हकहितका लागि गर्नुपर्ने काम धेरै छन्, जसलाई क्रमबद्ध रूपमा पूरा गर्नुपर्ने छ ।'

अध्यक्ष पदका उम्मेदवार शेर्पाले 'पर्वतीय पर्यटनको विकास, संरक्षण र सम्बर्द्धनका लागि उम्मेदवारी' भन्ने मूल नारासहित कार्ययोजना सार्वजनिक गरे । अध्यक्षका उम्मेदवार शेर्पाको नेतृत्वमा वरिष्ठ उपाध्यक्षमा ईश्वरी पौडेल, प्रथम उपाध्यक्षमा काजी शेर्पा (स्पिडकाजी), द्वितीय उपाध्यक्षमा बोधराज भण्डारी, महासचिवमा राजेन्द्रबहादुर लामा, सचिवमा चन्दन थापा र कोषाध्यक्षमा डिमा नुर्बु शेर्पा छन् ।

## कर्पोरेट

### प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्सको सेयर बिक्रेतामा लक्ष्मी सन्राइज क्यापिटल

**काठमाडौं (प्रस)–** प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेडले साधारण सेयर निष्काशन गर्न लागेको २२,५०,००० कित्ता साधारण सेयरहरू प्रत्याभूति गर्न लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडलाई प्रत्याभूतिकर्ता नियुक्त गरेको छ । उक्त सम्झौतामा लक्ष्मी सन्राइज क्यापिटल लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत बिजय लाल श्रेष्ठ र प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री नरेश कुमार रोकाले हस्ताक्षर गरेका छन् ।

प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेडले निर्जीवन लघुबीमा कम्पनीको हैसियतले लघु निर्जीवन बीमालेख जारी गर्दै आईरहेको छ । बीमाको पहुँच बाहिर रहेका समुदायलाई बीमा सेवा प्रदान गर्ने उद्देश्यका साथ स्थापित



प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि.न्यून आय भएका सीमान्तकृत वर्गका व्यक्तिलाई बीमा सेवा प्रदान गर्दै तथा बीमाको सहज पहुँच दिलाइ आर्थिक जोखिमहरू व्यवस्थापन गर्न र अप्रत्याशित घटनाहरू विरुद्ध आर्थिक सुरक्षा प्रदान गर्न सहायता पुर्‍याउँदै आएको छ ।

प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि. ले आफनो लक्षित वर्गको आवश्यकता र आकांक्षाहरूलाई पुरा गर्न विविध लघुबीमालेखहरू मार्फत पहुँच योग्य निर्जीवन बीमा विकल्पहरू उपलब्ध गराउदै आएको छ । हाल कम्पनीले सात वटै प्रदेशमा गरी ३३ वटा कार्यालयहरू मार्फत निर्जीवन लघुबीमा सेवा प्रदान गर्दै आएको छ ।

### सिएनआईका टण्डन र राजदूत तुलाधरबीच भेटवार्ता

**काठमाडौं (प्रस)–** सिटी एक्सप्रेस मनि ट्रान्सफरका संस्थापक, ग्लोबल बिजिनेस तथा डायस्पोरा समितिका सभापति, तथा नेपालका लागि केन्याका अवैतनिक वाणिज्यदूत चन्द्र टण्डन र डेनमार्कस्थित नेपाली राजदूत महामहिम सुम्निमा तुलाधरबीच भेटवार्ता भएको छ । भेटमा बिदेशी प्रत्यक्ष लगानी भित्र्याउनका लागि आवश्यक रणनीतिबारे छलफल भएको थियो । साथै, उत्पादनशील क्षेत्रहरू र प्रविधि स्थानान्तरणमा रेमिट्यान्स लगानीलाई समर्थन गर्न औपचारिक नेटवर्कहरूको स्थापना गर्ने, साहसिक पर्यटन, सांस्कृतिक सम्पदा र आध्यात्मिक रिट्रीटहरूको लागि नेपाललाई शीर्ष गन्तव्यको रूपमा प्रवर्द्धन गर्ने बिषयमा छलफल भएको थियो ।



डेन्मार्कमा बसोबास गर्दै आएका नेपाली प्रवासीहरूको समस्या समाधान तथा हकहितको संरक्षण साथै डेन्मार्कमा नेपाली उत्पादनहरूको प्रवर्द्धन गर्ने प्रभावकारी योजनामा पनि दुवै पक्षबीच विचार विमर्श भएको थियो । डेनमार्कमा रहेको नेपाली मिसन र सीएनआई बीचको संस्थागत सम्बन्धको बारेमा पनि छलफल भएको थियो ।

### कजारियाको 'आर्क एण्ड अरा' आर्किटेक्ट मिट




**काठमाडौं (प्रस)–** भारतको नंबर १ टाइल ब्रान्ड कजारियाले आफ्नो वार्षिक आर्किटेक्ट एवं डिजाइनर मिट, 'आर्क एण्ड अरा', सोल्टी होटल, काठमाडौंमा ८ अगस्त, २०२५ मा सफलतापूर्वक सम्पन्न गर्‍यो ।

कार्यक्रमको सुरुवात कजारिया रमेश टाइल्स लिमिटेडका निर्देशक हिमांश अग्रवालको एक प्रभाबकारी प्रेजेन्टेसनबाट भयो, जसले कम्पनीको विश्वव्यापी उपलब्धिहरू, नेपालमा निर्माण विस्तार, आर्टिस्ट्री र सस्टेनेबिलिटीप्रतिको प्रतिबद्धताका बारेमा प्रकाश पारे ।

कार्यक्रमको समापनमा कजारिया रमेश टाइल्स लिमिटेडका निर्देशक संजय अग्रवालले नेपालको आर्किटेक्चरल ल्यान्डस्केपलाई नवीन डिजाइन, स्थानीय निर्माण र सहकार्यमूलक साझेदारीद्वारा उच्चस्तरमा पुर्‍याउने कजारिया रमेश टाइल्स लिमिटेडको मिशन रहेको बताए ।

### ग्लोबल आइएमई बैंक र सांग्रिला डेभलपमेन्ट बैंकबीच समझदारीपत्रमा हस्ताक्षर

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेड र सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडबीच सांग्रिला डेभलपमेन्ट बैंकका ग्राहकहरूलाई आवश्यक पर्ने गैर कोषमा आधारित बैंकिङ्ग सुविधा उपलब्ध गराउनेसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

उक्त समझदारी पत्रमा ग्लोबल आइएमई बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र सांग्रिला डेभलपमेन्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुयोग श्रेष्ठले हस्ताक्षर गरेका छन् । सम्झौता अनुसार




सांग्रिला डेभलपमेन्ट बैंकका ग्राहकहरूलाई आवश्यकता पर्ने गैर कोषमा आधारित प्रतीत पत्र (लेटर अफ क्रेडिट), बैंक ग्यारेण्टी, डकुमेन्ट अगेन्स्ट पेमेन्ट, डकुमेन्ट अगेन्स्ट असेप्टेन्स, ट्रेड ट्रान्जेक्सन बैंकिङ्ग आदि सुविधाहरू ग्लोबल आइएमई बैंकले उपलब्ध गराउने छ ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ र २०२५ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो । साथै ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,००० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ ।

बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ । यसैगरी, सांग्रिला डेभलपमेन्ट बैंकले देशभर रहेका १०९ वटा शाखा तथा ३० वटा एटिएम मार्फत बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको छ ।

### बर्जर पेन्ट्सको द हिडन ट्रेजर र स्माइल ट्रेनसँग सहकार्य

**काठमाडौं (प्रस)–** मिस नेपाल सौन्दर्य प्रतियोगिताको आयोजक द हिडन ट्रेजरले यस वर्षको कार्यक्रममा 'मिस कोस्मो' को सुरुवात गरेर इतिहास रचेको छ । मिस कोस्मोसँगको सहकार्यले नेपालमा विश्वको सबैभन्दा ठूलो क्लेफ्ट (ओठे तालु फुटेका) केन्द्रित संस्था स्माइल ट्रेनसँग एक प्रमुख अन्तर्राष्ट्रिय पहल भित्रिएको छ ।




स्माइल ट्रेनले विश्वभरका बालबालिकाहरूलाई निःशुल्क क्लेफ्ट शल्यक्रिया र हेरचाह गर्न स्थानीय चिकित्सकहरूलाई तालिम, कोष र आपूर्ति प्रदान गर्दछ । बर्जर पेन्ट्सले मिस कोस्मोसँगको सहकार्यले सुरक्षित र किफायती क्लेफ्ट उपचार बारेमा जागरूकता जगाउने लक्ष्य राखेको छ, यसले हजारौं बालबालिकाहरूका आत्मविश्वासका साथ मुस्कुराउन प्रेरित गर्दछ ।

यस महान उद्देश्यको सहकार्यमा, बर्जर पेन्ट्सले एक विशेष अन्तरक्रिया सत्र क्लेफ्ट पीडित बालबालिकाहरूप्रति समर्पित रहेर कार्यक्रम गरेको छ । बर्जर पेन्ट्सले मिस नेपाल २०२५ को अन्तिम प्रतियोगीहरूसँगै रमाइलो, हेरचाह र रचनात्मकता तरिकाले भरिपूर्ण आधा दिनको गतिविधि सञ्चालन गरेको छ । यस कार्यक्रममा उपस्थित बालबालिकाहरूले कलाका किताबहरू रंगाउँदै रमाइलो गरे भने उनीहरूलाई विभिन्न परिकार र उपहार पनि प्रदान गरिए । साथै बालबालिकाहरूले मिस नेपाल २०२५ का अन्तिम प्रतियोगीहरूसँग आत्मीय र हर्षित समय बिताउन अवसर प्रदान गर्नेछ । बर्जर पेन्ट्सले द हिडन ट्रेजर तथा मिस कोस्मोसँग यस मनकारी कार्यमा सहभागी भइ, मानसिक आत्मसन्तुस्थी तथा खुसी प्रदान गरेको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ